मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

मेचीनगर कोरोनामुक्त : पृष्ठ ३

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.



◆ वर्ष : २५ ◆ अङ्क : १८९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २५ गते आइतवार (Sunday, June 7. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## निर्माण व्यवसायी संघ झापाको १०१०००



**पीसीआर परीक्षण प्रयोगशाला स्थापनार्थ सहयोग**

**बिर्तामोड, जेठ २४।** निर्माण व्यवसायी संघ झापाले कोरोना भाइरसको संक्रमण परीक्षण गर्न पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्नका लागि एक लाख एक हजार रुपैयाँ प्रदान गरेको छ ।

सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा झापामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा जनस्तरवाट स्थापना गरिन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि निर्माण व्यवसायी संघ झापाले उक्त रकम प्रदान गरेको हो ।

गत बुधबार बिर्तामोडमा संवाद समूह झापाको संयोजनमा बसेको 'एकका लागि एक' अभियानका साझेदार संस्थाको बैठकले झापामा पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्ने निर्णय गरेको थियो ।

विर्तामोडमा आयोजित एक कार्यक्रमका वीच निर्माण व्यवसायी संघ झापाका अध्यक्ष मिलन बस्नेतले 'एकका लागि एक' अभियानका साझेदार संस्थाहरु बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, वीरता जेसीजका अध्यक्ष मिजास पोखरेल लगायतलाई उक्त रकमको चेक हस्तान्तरण गरेका थिए ।

झापामा कोरोना संक्रमितको संख्या वढ्दै गएकाले कोरोना भाइरसको संक्रमण परीक्षणको दायरा वढाउन पीसीआर परीक्षण प्रयोगशालाको आवश्यकता टड्कारो रुपमा देखिएकाले त्यसका लागि निर्माण व्यवसायी संघ झापाको तर्फबाट सहयोग गरेको अध्यक्ष वस्नेतले बताए ।

झापामै पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनमा आए कोरोना नियन्त्रणमा सहजता आउने बताउँदै अध्यक्ष वस्नेतले पीसीआर परीक्षण प्रयोगशालाका लागि अन्य व्यवसायीहरुले सहयोग गरेको जानकारी दिए । कार्यक्रममा चेक ग्रहण गर्दै बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष भट्टराईले पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि रकम प्रदान गरेकोमा निर्माण व्यवसायी संघ झापालाई धन्यवाद दिएका थिए । नेपाल सरकारको सहयोग र समन्वयमा प्रयोगशाला स्थापना गरी परीक्षणको दायरा बढाउन अभियानले काम शुरु गर्ने भएको उनले बताए । 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा जनस्तरवाट पीसीआर परीक्षण प्रयोगशाला स्थापना गरिन लागेको

(बाँकी अन्तिम पृष्ठमा)

## मेची-महाकाली बिद्युतीय रेलमार्गले गति लियो

**झापा, जेठ २४।** भौतिक पूर्वाधारको विकासलाई प्रमुख प्राथमिकतामा साथ अगाडि बढाएको सरकारले पूर्वपश्चिम विद्युतीय रेलमार्गलाई थप गति दिने भएको छ । मेची-महकाली विद्युतीय रेलमार्गको काकडभिट्टा-इनरुवा खण्ड निर्माणका लागि झापा जिल्लाभित्र पर्ने जग्गाधनीलाई मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया शुरु भएसँगै आयोजनाले थप गति लिने भएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतको रेल विभागले झापादेखि मोरङ र सुनसरी खण्डको कूल १०६ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि जग्गाधनीलाई मुआब्जा वितरण गरी काम शुरु गर्न लागेको हो । विभागले स्थलगतरूपमा अध्ययन गरी आज झापाको कूल दुई हजार बढीलाई मुआब्जा दिनका लागि प्रक्रिया अगाडि बढाएको हो । जिल्ला प्रशासन कार्यालय झापाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित जग्गाधनीले सम्पर्क राख्न भनेको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले जग्गाधनी वा जग्गाको मोही वा निजको ऐनबमोजिम अधिकारप्राप्त वारेसले जग्गाधनी प्रमाणपूर्जा, मालपोत तिरेको रसिद तथा नेपाली नागरिकताको प्रमाणपत्रका साथमा सम्पर्क राख्न आग्रह गरेको छ ।

रेल विभागले रेलमार्गभित्र पर्ने जग्गामा बनेका घरटहरा, गोठ, पर्खाल वा रुख-बिरुवा, बोरिङ आदि समेत खुलाई आवेदन दिन भनिएको छ । विभागका महानिर्देशक बलराम मिश्रका अनुसार रेलमार्ग निर्माणका लागि पहिलो चरणको काम शुरु गरिएको हो । उनका अनुसार सो रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको छ । सरकारले आगामी आवका लागि तय गरेको नीति तथा कार्यक्रममा पूर्वपश्चिम रेलमार्गको काँकरभिट्टा-इनरुवा खण्डको निर्माणको काम पनि शुरु गर्ने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । पूर्वपश्चिम रेलमार्गको एउटा बाहेक सबै खण्डको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

महानिर्देशक मिश्रका अनुसार रेलमार्ग निर्माण हुने खण्डका स्थानीयवासीलाई सहज तवरले आयोजनाका बारेमा जानकारी होओस् भन्ने ध्येयका साथ सूचना प्रकाशित गरिएको हो । अब सुनसरी र मोरङको पनि एकाध दिनभित्रै सूचना प्रकाशित हुने भएको छ ।

विभागले लकडाउनको समयमा समेत रेलमार्ग निर्माणको कामलाई अगाडि बढाइरहेको छ । मेची-महाकाली रेलमार्गको बर्दिवास-निजगढ खण्डका स्थानीयवासीले लकडाउनको समयमा नै मुआब्जावापतको रकम बुझेर थप सहज बनाइदिएका छन् । मुआब्जा नपाएसम्म काम गर्न नदिने स्थानीयवासीको अडानलाई रेल विभागले सम्बोधन गर्दै रौतहटको चन्द्रपुर-८ बेतौनाका स्थानीयवासीलाई केही दिनअघि रकम उपलब्ध गराएको थियो ।

विभागका अनुसार झण्डै पाँच महिनादेखिको विवाद मुआब्जा वितरणपछि समाधान भएको थियो । सो स्थानको कूल २६ जनाको ३२ कित्ता जमिन रेलमार्गमा परेको छ । हालसम्म १५ जनाले रकम बुझेका छन् । बाँकी रहेकाको समेत मुआब्जा दिएर काम शुरु गर्ने तयारीमा विभाग रहेको छ । सो खण्डको ठेक्का लुम्बिनी, एपेक्स, थानी जेभी कन्स्ट्रक्सनले पाएको छ । कूल रु ७० करोडमा ठेक्का पाएको उक्त खण्डको काम गत साउन ३० गतेबाट शुरु भएको हो । सम्झौता अनुसार २०७८ माघमा काम सक्नुपर्ने व्यवस्था छ ।

बर्दिवास-निजगढ खण्डमा पर्ने रौतहटको सन्तपुर क्षेत्रमा ट्र्याक बेड तथा त्यसमा पर्ने मुख्य र सहायक संरचनाको काम भइरहेको छ । नेपाली लगानी तथा नेपाली निर्माण व्यवसायीले लकडाउनका समयमा समेत काम जारी राखेका छन् । यस्तै विजलपुरा खण्डमा पनि निर्माणको काम भइरहेको छ । विभागले स्थानीय प्रशासन र निर्माण व्यवसायीसँग पनि आवश्यक सहजीकरण गरिरहेको छ ।

रेलमार्गका लागि आवश्यक पर्ने भौतिक संरचना निर्माणमा निर्माण व्यवसायीले अपेक्षित श्रमिक परिचालन गरेका छन् । लकडाउन हुनुअघिदेखि नै कार्यस्थलमा मजदुर तथा मेसिन तयारी अवस्थामा रहेको र उनीहरुलाई परिचालन गरेर काम भइरहेको उनले जानकारी दिए । निजगढ-बर्दिवास खण्डअन्तर्गत रौतहटमा पनि निर्माण जारी छ । लालबन्दी-निजगढ खण्डलाई विभिन्न आठ प्याकेजमा विभाजन गरिएको छ । त्यस्तै धन्सार-वाग्मती खण्डमा ठेकेदार कम्पनी सन्तोषी कन्टेक स्वच्छन्द जेभी, लुम्बिनी, एपेक्स, खानी जेभी, रौताहा, हेम्डङ, कन्काई जेभी, लामा गोल्डेनवाल सिरुवा जेभी तथा श्रेष्ठ जेभीले ग्राभेल, ट्र्याक र पुल निर्माणको काम भइरहेको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको रेलमार्गको लिक तथा पुल निर्माणका लागि काम भइरहेको हो । सर्लाही र महोत्तरी जिल्लाको सीमामा पर्ने बाँके खोलामा धमाधम निर्माणको काम भइरहेको विभागको भनाइ छ । निर्माणस्थलमा निर्माण सामग्री पनि रहेको र उपकरण तथा जनशक्तिसमेत रहेकाले काम गर्न सहज भएको महानिर्देशक मिश्रको भनाइ छ ।

## तस्करीविरुद्ध छानविन शुरु

**पार्थ मण्डल**

**भद्रपुर, जेठ २४।** नेपालमा प्रतिबन्धित भारतीय ब्रान्डका सुर्तीजन्य पदार्थ र रजनीगन्धासहित नियन्त्रणमा लिएका भद्रपुरका एक कारोबारीमाथि अनुसन्धान शुरु भएको छ । जिल्ला प्रहरी कार्यालय झापा र वडा प्रहरी कार्यालय भद्रपुरको संयुक्त प्रहरी टोलीले बिहीबार भद्रपुर-५ बस्ने अशोक सहनीको गोदामबाट सुर्तीजन्य पदार्थ र रजनीगन्धा बरामद गरेको थियो ।

सुर्तीजन्य पदार्थ र रजनीगन्धा खोज्दै प्रहरी टोलीले गोदाममा छापा मार्दा बिलबिजक नभएको पाँच पोका कपडा समेत बरामद गरेका थियो । सहनीलाई समेत नियन्त्रणमा लिएका प्रहरीले शुक्रवार सुर्तीजन्य पदार्थ, रजनीगन्धा र कपडा भद्रपुर भन्सार कार्यालय बुझाएको हो । प्रहरीले कारोबारी सहनीसहित ४ लाख २७ हजार मूल्य तोकेर सामान बुझाएको भद्रपुर भन्सारका कर्मचारी विकास दाहालले जानकारी दिए ।



यता भन्सारले सामानको विषयमा सहनीमाथि छानबिन शुरु गरेको छ । सहनीमाथि दुई वटा मुद्दामा अनुसन्धान भइरहेको कर्मचारी दाहालले बताए । प्रतिबन्धित भारतीय ब्रान्डका सुर्तीजन्य पदार्थ र रजनीगन्धाको एउटा मुद्दा र अवैध कपडाको अर्को मुद्दा दर्ता गराई अनुसन्धान भइरहेको छ । कारोबारी सहनीसँग बयान लिने काम भइरहेको उनले बताए । बयानपछि धरौटीमा रकम तोकिनेछ । सामान बराबरको ४ लाख २७ हजार धरौटी बुझाए मात्र उनलाई छाडिने भन्सारको कानून रहेको बताइएको छ ।

घटना विवरण अनुसार भद्रपुर-५ स्थित देवीवस्ती नाकाबाट कारोबारी सहनीले सशस्त्र प्रहरीलाई पोकाको एक हजार दिएर प्रतिबन्धित सुर्तीजन्य पदार्थ र रजनीगन्धा तस्करीको माध्यमबाट भित्र्याएर झापामा बिक्री वितरण गरिरहेको उनले दिएको बयानबाट खुलेको छ । लकडाउनमा पनि सशस्त्र प्रहरीको सेटिङमा झापामा तस्करी भइरहेको सञ्चारमाध्यममा समाचार बाहिरिएपछि सशस्त्र प्रहरी बल २ नम्बर गण झापामा तरङ्ग फैलिएको प्रहरी स्रोतको दाबी छ ।

**रोकिएन तस्करी**

सीमा नाका शिल भएको अवस्थामा पनि झापाको भद्रपुर नाकाबाट सशस्त्र प्रहरीकै सेटिङमा तस्करी भइरहेको घटना बाहिरिएपछि सशस्त्र प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

## खाद्य डिपोमा सकियो चामल

**खाँदबारी, जेठ २४।** संखुवासभाको खाँदबारीमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको डिपोमा चामल अभाव भएको छ । जिल्लाभरको खाद्यान्न सङ्कट समाधानका लागि स्थापना भएको सो शाखाको डिपोमा गत वैशाख महिनादेखि चामल सकिएको हो ।

डिपोले लकडाउनको समयमा विपन्न जनतालाई चामल वितरण गर्न सकेको छैन । एक महिनाअघिदेखि चामल सकिएको शाखा कार्यालय खाँदबारीका सूचना अधिकारी रामप्रवेश मण्डलले जानकारी दिए । विपद् र जिल्ला कारागारका लागि राखिएको २०० क्विन्टल चामल मात्र डिपोमा रहेको उनको भनाइ छ । दैनिक तीन हजार ५०० केजी चामल बिक्री गर्ने डिपोमा चामल नआएकाले डिपो बन्द गरेर बस्नुपर्ने बाध्यता भएको डिपो कार्यालयले जनाएको छ । लकडाउनको समयमा खाद्यले चामल नदिएपछि महङ्गो मूल्यको चामल किन्न बाध्य भएको खाँदबारी नगरपालिका-१की स्थानीय विष्णु राईले गुनासो गरिन् ।

(बाँकी अन्तिम पृष्ठमा)




## वीरता जेसीजलाई 'जेसीज अफ द मन्थ मे २०२० एरिया ए' को अवार्ड




**बिर्तामोड, जेठ २४।** नेपाल जेसीजले झापाको बिर्तामोडस्थित वीरता जेसीजलाई सामाजिक तथा मानवीय सेवा क्षेत्रमा उत्कृष्ट कार्य गरेको ठहर गर्दै 'जेसीज अफ द मन्थ मे २०२० एरिया ए' को अवार्ड प्रदान गरेको छ ।

नेपाल जेसीजले वीरता जेसीजलाई सामाजिक तथा मानवीय सेवा र व्यक्तित्व तथा नेतृत्व विकासको क्षेत्रमा गरेको विभिन्न उत्कृष्ट कार्यलाई मूल्यांकन गर्दै 'जेसीज अफ द मन्थ मे २०२० एरिया ए' को अवार्ड प्रदान गरेको हो ।

वीरता जेसीजले सामाजिक तथा मानवीय सेवा क्षेत्रमा उत्कृष्ट कार्य गरेको ठहर गरी नेपाल जेसीजले 'जेसीज अफ द मन्थ मे २०१८ एरिया ए' को अवार्ड प्रदान गरेकोमा वीरता जेसीजका अध्यक्ष मिजाश पोखरेलले शाखालाई थप हौसला र आगामी दिनका लागि काम गर्न थप उत्साहित बनाएको बताए ।

उनले नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष अशोक शंकर, क्षेत्र 'क' का लागि नेपाल जेसीजका निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष विजय गुरुङ, निरुपित राष्ट्रिय उपाध्यक्ष गोविन्द पंगेनी लगायत नेपाल जेसीजका बोर्डका पदाधिकारीहरुप्रति आभार व्यक्त गरेका छन् ।.

त्यस्तै उनले वीरता जेसीजको यो उत्कृष्ट कार्यका लागि भूमिका निर्वाह गर्ने सन् २०२०को बोर्ड, संयोजकहरु,

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक

**शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं. १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**



## साइकलयात्रीको मृत्यु

**मोरङ, जेठ २४।** सुनसरी बर्जु-१४का ४० बर्षीय मनोजकुमार माझीको एम्बुलेन्सको ठक्करबाट मृत्यु भएको छ ।

मोरङ बुढिगंगा गोकुवा चोक राजमार्गमा को२ च २८८२ नम्बरको ऐम्बुलेन्सले साइकलयात्री माझीलाई ठक्कर दिँदा गम्भीर घाईते भएकोमा बिराट टिचिङ अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । ठक्कर दिने एम्बुलेन्स र एम्बुलेन्स चालक प्रेम राजबंशी नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

## वडाध्यक्ष घुससहित पक्राउ

**बुटवल, जेठ २४।** पाल्पा जिल्लाको स्थानीय तहका एक जनप्रतिनिधिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले रुपन्देहीबाट नगदसहित नियन्त्रणमा लिएको छ ।

रैनादेवी छहरा गाउँपालिका वडा नं. ७का वडाध्यक्ष देवेन्द्र पुनलाई टोलीले रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. १० झिमझिमे भन्ने स्थानबाट एक काठ व्यवसायीबाट रु. तीन लाख बुझ्दै गरेका अवस्थामा नियन्त्रणमा लिएको आयोगका सूचना अधिकारी सुरेश भुसालले जानकारी दिए । अभियुक्त पुनलाई आफ्नो वडामा रहेको काठ लिलाममा ती व्यक्तिलाई मिलाइदिने भनी आश्वासन दिएर रकम माग गरी बुझ्दै गरेका अवस्थामा नगदसहित नियन्त्रणमा लिइएको सूचना अधिकारी भुसालले जानकारी दिए ।

## गोरू काट्दा दुई जना पक्राउ

**ताप्लेजुङ, जेठ २४।** ताप्लेजुङ फुङलिङ-९मा गोरु काट्ने दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोही स्थानका ३८ बर्षीय अर्जुन गुरुङ र ४५ बर्षीय खेमराज गुरुङ रहेका छन् । उनीहरुलाई गोरु काटिरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

## भत्किएको हडिया पुलले बढायो जोखिम

**मेचीनगर, जेठ २४।** झापाको मेचीनगर-१० गोलबारीस्थित पूर्वपश्चिम राजमार्गको हडिया पुलको पूर्वदक्षिणी भाग भत्किएको छ । पुलको एक छेउमा दुई मिटर धाजा फाटेर रेलिङ कोल्टे परेको छ । धाजा फाटेको भाग बढ्दै गएको हुँदा बेलैमा मर्मतसम्भार नगरिए राजमार्गको आवागमनमा अवरोध पुग्नसक्ने जोखिम छ ।

स्थानीयवासी टिकेन्द्र खनालले पुल भत्किन लागेको जानकारी सडक विभागलाई सात महिनाअघि नै गराइएको बताए । सो पुल ५७ दशमलब ५० मिटर लामो छ । भत्किएको स्थान जनाउने कुनै सङ्केत पनि राखिएको छैन । पाँच वर्षअघि सोही वडाको लालपानीस्थित पूर्वपश्चिम राजमार्गकै ढुकुरे पुल र विर्तामोडस्थित नयाँ बसपार्कको कल्भर्ट यसरी नै भत्किँदा लामो समय राजमार्ग अवरुद्ध भएको थियो ।

पूर्वपश्चिम राजमार्गसँगै ५० वर्षअघि निर्माण भएका पुल र कल्भर्टहरु धेरै स्थानमा जीर्ण भइसकेका छन् । दमकको लखनपुरमा समेत केही वर्षअघि कल्भर्ट भत्किँदा राजमार्ग लामो समयसम्म अवरुद्ध भएको थियो । सडक डिभिजन कार्यालय दमकका इञ्जीनियर चण्डेश्वर साहले हडिया पुल भत्किन थालेको हुँदा यही असार मसान्तभित्र मर्मतसम्भार गरिसक्ने बताए ।

# सार्वजनिक स्थलमा मास्क लगाउन सुझाव

**झापा, जेठ २४।** विश्व स्वास्थ्य सङ्गठनले मास्क लगाउने विषयमा उसको पुरानो सुझाव परिवर्तन गर्दै कोरोनाभाइरस सङ्क्रमण फैलिनबाट रोक्न आम मानिसलाई सार्वजनिक स्थानमा मास्क लगाउन सल्लाह दिएको छ ।

डब्ल्यूएचओका अनुसार मास्क लगाउँदा 'सम्भावित सङ्क्रामक छिटालाई एक व्यक्तिबाट अर्कोमा सर्नमा अवरोध' हुन्छ । विगतमा उक्त संस्थाले मास्कले सङ्क्रमण रोक्छ भन्नेबारे पर्याप्त प्रमाण नभएको जनाएको थियो। अहिले नै कैयौं देशमा मास्क लगाउन सुझाव दिइएका वा अनिवार्य गराइएका छन् । डब्ल्यूएचओकी प्राविधिक विज्ञ डा. मारिया भान कर्खोभले समाचारसंस्था रोएटर्स सँग कुरा गर्दै आफूहरूले सर्वसाधारणलाई 'मेडिकल मास्क नभई कपडाको न मास्क' लगाउन सुझाएको बताइन् । सो संस्थाले मेडिकल मास्क भने बिरामीले वा बिरामीको हेरचाह गर्नेहरूले मात्र लगाउनुपर्ने भन्दै आएको छ । उसका अनुसार पछिल्लो सुझाव हालैका साताहरूमा गरिएका अध्ययनहरूको निष्कर्षमा आधारित छन् । 'हामी सरकारहरूलाई आम मानिसलाई मास्क लगाउन प्रेरित गर्न अनुरोध गर्छौं'- कर्खोभले भनिन् ।

यसबीच डब्ल्यूएचओले मास्कको प्रयोगलाई सङ्क्रमण रोक्ने विभिन्न उपायमध्ये एक उपाय मात्र भएको भन्दै यसले मानिसहरूलाई गलत तरिकाबाट ढुक्क भने पार्न नहुने बताएको छ । 'मास्क मात्रैको प्रयोगले कोभिड-१९ बाट जोगाउँदैन'- डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रस एडहानोम गेहब्रेयससले भने । विश्वभरिमा कोरोनाभाइरस सङ्क्रमणको संख्या बढेर ६७ लाख पुगेको छ भने झन्डै चार लाख मानिसको ज्यान गएको छ ।

बीबीसीका विज्ञान सम्पादक डेभिड शुकम्यान भन्छन्- डब्ल्यूएचको पछिल्लो सुझावले उक्त संस्थामा आएको ठूलै परिवर्तनको सङ्केत गर्छ। महिनौंसम्म उसका विज्ञहरूले मास्कको प्रयोगले सर्वसाधारणले गलत ढङ्गबाट ढुक्क हुन सक्ने अनि त्यसले स्वास्थ्यकर्मीहरूका निम्ति आवश्यक मास्कको अभाव हुन सक्ने भन्दै आएका थिए । ती तर्क अझैपनि विद्यमान नै छन् तर डब्ल्यूएचओले सङ्क्रमणको जोखिमबारे नयाँ प्रमाण पनि हेरिरहेको देखिन्छ ।

'यसले हालैको अनुसन्धानतर्फ इङ्गित गर्छ जसमा के उल्लेख थियो भने मानिसहरू कोरोनाभाइरसबाट सङ्क्रमित भएको प्रारम्भिक दिनहरूमा अत्यन्त सङ्क्रामक हुन्छन् (अरूलाई सार्ने सन्दर्भमा) जबकि उनीहरूमा लक्षण देखिन थालेको हुँदैन'- शुकम्यान भन्छन् ।

सार्वजनिक सवारीसाधन वा पसल वा शरणार्थी शिविर जहाँ सामाजिक दूरी सम्भव हुँदैन त्यहाँ घरेलु मास्ककै भए पनि प्रयोग गर्न सुझाव दिइएको छ ।

साठी वर्षभन्दामाथि उमेरका मानिसहरू जसलाई अन्य रोग पनि छ तिनले मेडिकल स्तरकै मास्क प्रयोग गर्न उचित हुने पनि डब्ल्यूएचओले बताएको छ । (बीबीसी)

# कृषकलाई नि:शुल्क घाँसको वीऊ



**लक्ष्मीपुर, जेठ २४।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लक्ष्मीपुर सेवाकेन्द्रले व्यवसायिक बाखापालक ३५ जना सदस्यलाई नि:शुल्क घाँसको वीऊ उपलब्ध गराएको छ ।

संस्थाले लक्ष्मीपुरका बाख्रापालक कृषकलाई २ केजीका दरले 'टियोसेन्टी' घाँसको वीऊ प्रदान गरेको हो । लक्ष्मीपुर सेवा केन्द्र सहयोग समिति सदस्य टोमकुमारी ओझाको अध्यक्षतामा वीऊ वितरण भएको थियो ।

कार्यक्रममा संस्थाका पशु चिकित्सक कमलेश्वर भाटले वर्षायाममा उत्पादन गर्ने घाँसका विषयमा जानकारी गराएका थिए । उनले बाखामा लाग्ने रोग र रोकथामका उपाय समेत बताएका थिए । उनले संस्थाले झापाका २० वटा सेवा केन्द्र मार्फत करिव ४ सय जनालाई सुडान दुई सय केजी र टियोसेन्टी छ सय केजी गरी आठसय केजी घाँसको वीऊ नि:शुल्क वितरण गर्ने जानकारी दिए । उनले कृषकलाई संस्थाको पेजमा गएर समेत कृषि तथा पशुपालनका विषयमा जानकारी लिन सकिने बताएका थिए ।

१० वटा माउबाख्रा पाल्न ६ कट्ठा जग्गा चाहिने र संस्थाले ३ कट्ठाका लागि मात्र वीऊ उपलब्ध गराउने संस्थाका लक्ष्मीपुर सेवा केन्द्र प्रमुख उमेश भारतीले जानकारी दिए । अरु ३ कट्ठाका लागि आफै घाँसको वीऊ खरिद गर्नुपर्ने उनले बताए । त्यसैगरी संस्थाको लक्ष्मीपुर सेवा केन्द्रबाट ६५ जनालाई अर्ग्यानिक वेमौसमी तरकारी उत्पादनका लागि टनेल, प्लाष्टिक, वास, वीऊ विरुवा उपलब्ध गराउने उनले बताए । उनले तीनसय जना मध्ये २ सयलाई यसअघि नै दिएको बताउदै एकसय जनालाई टनेल, प्लाष्टिक, वास, वीऊ विरुवा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत लक्ष्मीपुर सेवा केन्द्रमा ६५ जनालाई वितरण गरिने बताए ।

लक्ष्मीपुर सेवा केन्द्रले लकडाउन अघि ३५ जनालाई बाख्रापालन सम्बन्धी तालिम समेत दिइसकेको कर्मचारी खगेन्द्र निरौलाले बताए । कार्यक्रमको सञ्चालन संस्थाका कृषि प्राविधिक लक्ष्मी भण्डारीले गरेका थिए ।




झापाको बिर्तामोडस्थित मुक्तिचोक नजिकै एक इलेक्ट्रिक पसलमा सामान किन्दै ग्राहक। यो दृष्यले लकडउनलाई आधा पालना गर्दै अर्थतन्त्रमाथि उठाँउने प्रयासमा व्यापारी लागीपरेको देखिन्छ।

# माईपोखरी क्षेत्रको पर्यटक पूर्वाधार गुरूयोजना कार्यान्वयन

**पशुपतिनगर, जेठ २४।** पूर्वी पहाडको पहिलो रामसार क्षेत्र इलामको माईपाखेरीमा पर्यटन पूर्वाधार निर्माणको कामले तीव्रता पाएको छ। माईपोखरीलाई सन् २००८मा विश्व रामसार सूचीमा सूचीकृत गरिएको थियो । रामसार क्षेत्रमा सूचीकृत भएपछि पाँच वर्षे गुरुयोजना बनाइए पनि आर्थिक स्रोत अभावले कार्यान्वयन हुन सकेको थिएन ।

संघीय सरकारले घुम्नैपर्ने सय पर्यटकीयस्थलमा घोषणा गरी पूर्वाधार र संरक्षणको कामका लागि बजेट प्रदान गरेसँगै अहिले पर्यटन पूर्वाधार र संरक्षणका काम धमाधम भइरहेका हुन् । सदरमुकाम इलाम बजारबाट १३ किलोमिटर यात्रामा पुगिने माईपोखरी क्षेत्रमा अहिले पर्यटकको आकर्षण केन्द्र बनाउन पूर्वाधार निर्माण र जैविक विविधताको संरक्षणको काम गरिँदै आएको हो ।

सन्दकपुर गाउँपालिकाले माईपोखरीलाई आकर्षक पर्यटकीय गन्तव्य बनाउन चालू आर्थिक वर्षमा डीपीआर तयार पारेको थियो । डीपीआरको आधारमा संघीय सरकारको पर्यटन मन्त्रालयबाट रु. ५० लाख बजेट विनियोजन भई पर्यटन पूर्वाधार निर्माणको काम भइरहेको गाउँपालिका अध्यक्ष उदयबहादुर राईले बताए । बहुवर्षे योजनामा स्वीकृत भएपछि संघीय सरकारले माईपोखरी क्षेत्रको जोरपोखरी पर्यटकीय पूर्वाधार विकास आयोजनाको नाममा बजेट विनियोजन गर्दै आएको छ ।

धार्मिक र पर्यटकीय क्षेत्रका रुपमा प्रख्यात रहेका माईपोखरीमा चालू आवमा स-साना पोखरीको मुहान संरक्षणसँगै लोपोन्मुख वन्यजन्तु ठकठकेको संरक्षण गरिँदै आएको छ । पोखरीको जलाशय क्षेत्र वरिपरि रहेका दुईवटा स-साना पोखरीको संरक्षण गर्ने, आकाशे पुल निर्माण गर्ने, कफी शप, सार्वजनिक शौचालय, रेलिङ र दुई पोखरीको बीचमा झोलुङ्गे पुलसहितको पदमार्ग बनाउने योजना डीपीआरमा समेटिएको छ ।

रामसार क्षेत्रमा रहेका पोखरीलाई चालू आवमा जोड्न ड्याम निर्माण गर्ने काम भइरहेको उपभोक्ता समितिका सचिव दिनेश ढकालले बताए । जलाशय क्षेत्रको नजिक जैविक विविधताको महत्वका कारण पूर्वाधार निर्माणको काम उपभोक्ताबाट हुँदै आएको छ । स्थानीय सरकारको पहल र संघीय सरकारको समन्वयमा बनाइएको डीपीआर अनुसार रु. साढे सात करोडका संरचना निर्माण गर्ने योजना रहेको प्रमुख प्रशासकीय अधिकृत महेश राईले बताए ।

आव २०७७/७८ मा संघीय सरकारसँग डिपिआरअनुसारको बजेट माग गरिएको र दुई वर्षभित्रमा घुम्नै पर्ने आकर्षक पर्यटकीयस्थल बनाउन पूर्वाधार निर्माणको काम थालिएको राईको भनाइ छ। साक्षात् देवीका रुपमा धार्मिक विश्वास गरिएको मानिने माईपोखरी पुग्ने धार्मिक पर्यटकले चिताएको मनोकांक्षा पूरा होस् भनी भाकल गर्ने र परेवा उडाउने गर्दै आएका छन् । हिन्दू, बौद्ध र किराँत मुन्धुम सबै धर्मको आस्थाको केन्द्र माईपोखरीमा वैशाख १ गते नयाँ वर्ष र हरिबोधनी ठूली एकादशीका दिन विशेष पूजा र मेला लाग्ने प्रचलन छ ।

माईपोखरीको उत्पत्ति भारत वर्षका मरुत राजा आई नौवटा कुनामा नौ मन्दिर निर्माणपछि नवदुर्गाको पूजा गरेपश्चात् पूजास्थल सुरक्षित राख्न गङ्गाजीको आराधना गर्दा जल उत्पन्न गरिएको किंवदन्ती पाइन्छ । किंवदन्तीअनुसार पुरातनकालमा पोखरीमा खसेका पात पतिङ्गर चराले सधैँ सफा गर्ने, पञ्चेबाजा, शङ्खघण्ट बज्ने गरेको र पोखरीबाट एक प्रकारको अनौठो ज्योति निस्कने र लोप हुने गरेको कथन छ ।

प्रदेश नं १को सांस्कृतिक सभ्यताका रुपमा रहेका माईपोखरीमा दैनिक १५० सम्म पर्यटक पुग्ने गरेका छन् । नौवटा कुनामा फैलिएको माईपोखरी क्षेत्रमा विश्वमा लोपोन्मुख गलैचे भ्याउ र लोपोन्मुख नै उभयचर ठकठकेलगायत रुख भ्यागुतो र ३०० भन्दा बढी प्रजातिका चराको सुमधुर आवाजबाट पोखरी पुग्ने पर्यटकले स्वर्गीय आनन्द लिने गरेका छन् । दुई हजार १२१ मिटरको उचाइमा अवस्थित दुई हेक्टर जलाशयसँगै १२ हेक्टर क्षेत्रमा फैलिएको माईपोखरीमा सुनगोहोरो, लालीगुराँस, सुनाखरी, जडीबुटी, रैथाने माछा, उभयचर, सरिसृप र स्तनधारी प्राणीको अवलोकन गर्न असङ्ख्य पर्यटक वर्षेनी पुग्ने गरेका छन् ।

### वीरता ...

सदस्यहरु, संस्थापक अध्यक्ष तथा पूर्व अध्यक्षहरु, अन्य सहयोगी शुभचिन्तक सबैमा धन्यवाद ज्ञापन गर्दै अझ रचनात्मक कार्यकासाथ क्रियाशील रहन आग्रह गरेका छन् ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणवाट वच्न सरकारले जारी गरेको लकडाउनको समयमा वीरता जेसीजले झापाको सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा झापामा सुरु गरिएको 'एकका लागि एक' अभियान मार्फत कोरोना भाइरसको परीक्षणमा सघाउ पुऱ्याउन जिल्ला प्रशासन कार्यालय झापालाई भाइरल ट्रान्सपोर्ट मिडियम ( भीटीएम) किट प्रदान गरेको थियो ।

त्यस्तै 'एकका लागि एक' अभियानमार्फत लकडाउनका कारण भोकभोकै रहनुपर्ने अवस्थामा रहेका विपन्न, गरीव तथा असहाय परिवारलाई खाद्य सामग्री वितरण र तयारी खानेकुरा वितरण कार्यक्रम सञ्चालन गरेको पत्रकार, प्रहरी, ट्राफिक, स्थानीय वासिन्दा लगायतलाई माक्स, स्यानीटाइजर लगायतका सामग्री वितरण गरेको अध्यक्ष पोखरेलले बताए ।

नेपाल जेसीजमा देशभर एक सय ४२ शाखा छन् भने क्षेत्र 'क' मा ३७ वटा शाखा रहेका छन् । नेपाल जेसीजले हरेक महिना कार्यसम्पादनको आधारमा उत्कृष्ट शाखा चयन गरी पुरस्कृत गर्दै आएको बताइएको छ ।

### तस्करी ...

बल नेपाल १ नम्बर बराह बाहिनी मुख्यालय सुनसरीले यसतर्फ चासो देखाएको छ ।

सशस्त्र प्रहरीकै सेटिङमा तस्करी भइरहेको बिषयमा विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशन भएपछि सशस्त्र प्रहरी बल नेपाल १ नम्बर बराह बाहिनी मुख्यालय सुनसरीका डिआइजी नगेन्द्रबहादुर थापाको गम्भीर ध्यानाकर्षण भएको छ । १ नम्बर बराह बाहिनी मुख्यालयले शुक्रवार सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापालाई प्रकाशन भएको समाचारको कटिङसहित घटनाको सत्य तथ्य छानबिन गर्न लिखित निर्देशन दिएको छ ।

बराह बाहिनी मुख्यालयले निर्देशन दिएपछि सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका एसपी रेसमकुमार थक्सुले डिएसपी कृष्ण श्रेष्ठको नेतृत्वमा शनिवार छानबिन समिति गठन गरेको बताइएको छ । अब छानबिन समितिले भद्रपुर नाकाबाट भएको तस्करीको विषयमा सशस्त्र प्रहरीको संलग्नता छ वा छैन त्यस विषयमा अनुसन्धान गरी प्रतिवेदन तयार पारेर १ नम्बर बराह बाहिनी मुख्यालयबाट पठाउने जनाइएको छ ।

यता बिहीबार जिल्ला प्रहरी कार्यालय झापा र वडा प्रहरी कार्यालय भद्रपुरको संयुक्त प्रहरी टोलीले भद्रपुरको दुइटा गोदाममा छापा मारेर ४ लाख २७ हजार मूल्य बराबरको रजनीगन्धा, तुलसी र कपडा बरामद गरेको थियो । बरामद गरिएको रजनीगन्धा भद्रपुर नाकाबाट भित्र्याइएको हो ।

बरामद गरिएको सामानसहित कारोबारी अशोक सहनीलाई प्रहरीले भद्रपुर भन्सार कार्यालय बुझाएको थियो । भन्सारले सहनीसँग बयान लिएर ४ लाख २७ हजार धरौटी लिएर शुक्रवार बेलुका छाडेका भन्सार कर्मचारी विकास दाहालले जानकारी दिए ।

### खाद्य ...

जिल्लामा आएको चामल एक महिनाअघि नै सकिएको र थप चामल नआउँदा विपन्न जनताको मागअनुसार चामल बिक्री गर्न नसकिएको सूचना अधिकारी मण्डलले बताए । स्थानीयवासीको काम बढी भएकाले चामल माग अनुसार नआउँदा समस्या भएको हो । खाँदबारी नगरपालिकाले राहत वितरणका लागि ३२० क्विन्टल चामल माग गरे पनि खाद्यले चामल दिन नसकेको उनले जानकारी दिए ।

जिल्लाका व्यापारीहरुले लकडाउनको मौका छोपेर दैनिक उपभोग्य वस्तुमा मूल्य बढाएका छन् । व्यापारीले एक बोरा चामलमा २००देखि ३०० सम्म मूल्य बढाएको स्थानीयवासीले बताएका छन् । अहिले चामलसहितको खाद्यवस्तुको मूल्य समेत बढाएकाले मारमा परेको खाँदबारी-९ का रमेश मगरले बताए । खाद्यले बिक्री गर्ने चामल व्यापारीसँग किन्दा किलोमा रु. १० देखि १५ सम्म महङ्गो परेको उनको भनाइ छ । लकडाउन र बर्खा लागेको भन्दै व्यापारीले दैनिक उपभोग्यवस्तुको मूल्य बढाए पनि अहिलेसम्म बजार अनुगमन भएको छैन ।

लकडाउले दैनिक रोजगारी जान पनि समस्या भएको र पारिश्रमिक पनि समयमा नपाएका बेला अझ महङ्गो चामल किनेर खानुपरेको राईको गुनासो छ । लकडाउनको सयमा खाद्यले आपूर्ति व्यवस्थालाई सहज बनाउन नसक्दा विपन्न परिवार महङ्गो मूल्यको चामल खान बाध्य छन् । यसअघि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सोना मन्सुली प्रतिकेजी रु. ३८.२५ र जापनिज प्रतिकेजी चामल रु. ४३.२० दरले बिक्री गर्दै आएको थियो ।

### निर्माण व्यवसायी ...

अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए ।

नेपाल सरकारको सहयोग र समन्वयमा पीसीआर परीक्षण प्रयोगशाला स्थापना गरी परीक्षणको दायरा बढाउन 'एकका लागि एक' अभियानले काम शुरु गर्ने उनले बताए । पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्न करिब एक करोड १५ लाख रुपैयाँ लाग्ने र त्यसका लागि 'एकका लागि एक' अभियानले संघ-संस्था र व्यक्तिलाई सहयोगको अपिल पनि गरेको अभियानका संयोजक गिरीले जानकारी दिए ।

प्रदेश १ का १४ जिल्ला र प्रदेश २को सप्तरीबाट संकलन गरिएको स्वाब विराटनगरको कोसी अस्पताल प्रादेशिक प्रयोगशाला र धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षण हुने गरेको छ । जसका कारण रिपोर्ट आउन एक साताभन्दा बढी समय पर्खनुपर्ने बाध्यता छ ।


**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं। शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कहोस् ।



श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

## चुनौतिबाटै सफलता पाइन्छ

यथेष्ट तयारी र सजगता नअपनाउँदा घर फिर्नेहरूको व्यवस्थापन चुनौतिपूर्ण बनेको छ । खासगरी भारतबाट आउनेहरूको ठूलो संख्यालाई व्यवस्थित गर्न नसक्दा कोरोनाको संक्रमण फैलिने डर पनि त्यत्तिकै बढेको छ । उनीहरूलाई राख्न बनाइएको क्वारेन्टिनमा न्यूनतम् सुबिधा नभएको भन्दै कतिले बस्न नमानेको र कतिपय भागेका कारण सरकार व्यवस्थापन मै चुकेको भन्न सकिन्छ । क्वारेन्टिनको अवधिमा कतिपयको स्वास्थ्य परीक्षण नगरिएका कारण स्वस्थ मानिस पनि संक्रमित हुन सक्ने जोखिम बढेर गएको छ । गरिएकाहरूको पनि द्रूत परीक्षण अर्थात् आरडीटी भरपर्दो नहुने कारणले कोरोना संक्रमणको भयावहता आतेस लाग्दो हुन सक्ने अनुमान गर्न सकिन्छ ।

गएको हप्तादेखि कोरोना भाइरसबाट प्रभावित हुनेहरूको संख्या ह्वात्तै बढेको छ । यसो हुनुका पछि पहिलो कारण पीसीआर विधिबाट गरिने परीक्षण बढ्नु र दोस्रो कारण बाहिरबाट आउनेहरूको संख्या उच्च रहनु नै मुख्य हो । कोरोनाले महामारीको रूप नलियोस् आवश्यक तयारी र अनुमान गर्न नसक्दा जोखिम झन् बढ्दै गएको हो । एक त हामी कहाँ आवश्यक स्वास्थ्य सामग्रीको उत्पादन हुँदैन त्यसमाथि आर्थिक क्षमताको कमी छ । फेरि विश्व नै यसको चपेटामा परेका कारण तत्काल स्वास्थ्य सामग्री उपलब्ध हुन गाह्रो छ । हामी सक्षम जनशक्ति र भौतिक पूर्वाधारले पनि पछि नै छौं जसको परिणाम कोरोना त्रासदी बनेर उभिएको छ ।

अब आज यति संक्रमित थपिए भन्ने सूचनाको कुनै अर्थ छैन । रोकथामका लागि अढाई महिनादेखि गरिएको लकडाउन एकै दिनको अव्यवस्थाले निरर्थक बनिएको छ । घर फिर्नेहरूको ताँती र भीडले सामाजिक दूरीको उपाय पनि उल्लंघन गरेको छ । लामो बन्दले श्रम गरेर मात्र मुखमा माड लाग्ने वर्ग आहत भएको मात्र छैन आत्महत्याको बाटो रोज्दैछ । मध्यमवर्गीय जनता पनि अभावग्रस्त हुन थालेपछि बन्दाबन्दीको विकल्प खोज्दैछ । व्यापारीहरु साहुको ऋण, घरभाडा, सरकारलाई तिर्नु पर्ने करको ताकेताले बिचलित हुने अवस्थामा छन् ।

सरकारले अन्य देशहरूले दिए जस्तो न राहत दिएको छ न त कुनै छुट उपलब्ध गराउने घोषणा गरेको छ । यही समय जिम्मेवार र पदासिन व्यक्तिहरूलाई कमिशन र अनियमिततामा लागेको आरोप लाग्न थालेको छ । यस्तो कठिन र बिषम् परिस्थितिमा संयमित, उदात्त र समर्पित सेवा र व्यवहार देखाउन सकिएन भने नेतृत्व असफल ठहरिन्छ । अहिलेसम्मको अवस्थाले असफलतातर्फ कै यात्राको संकेत गरेको छ । संकटहरूका बीचबाटै जसले लक्ष्य पछ्याउन सक्छ उही विजयी हुन्छ । त्यसैले विद्यमान संकटलाई परास्त गर्न सक्ने कार्यक्रममार्फत सरकारले अघि बढ्नुपर्छ । केवल लकडाउन सम्पूर्ण उपचार होइन र अब यसले रोकथाम समेत गर्न सक्दैन । अब त झन् तेस्रो मुलुकबाट समेत आउने क्रम शुरू भएकोले सरकार झनै गम्भीर होस् । सबै वर्गका जनतालाई आश्वस्त बनाउन सक्ने नीति तथा कार्यक्रममार्फत महामारी रोक्न सफल होस् ।

# कहिले होला जातीय विभेदको अन्त्य ?



लक्ष्मी उप्रेती



समाजमा व्याप्त जातीय विभेद तथा छुवाछूत प्रथालाई न्यूनीकरण गर्ने उद्देश्यले २०७० सालको संविधानसभा निर्वाचनपछि बनेको तत्कालीन नेकपा एमाले नेतृत्वको (माधवकुमार नेपाल) सरकारले अन्तरजातीय (दलित-गैरदलित) विवाह गर्नेलाई एक लाख रुपैयाँ प्रोत्साहन दिने घोषणा गऱ्यो ।

तर, नेपालपछिको एमालेकै (झलनाथ खनाल) सरकारले त्यो प्रोत्साहन खारेज गऱ्यो । नेपाल नेतृत्वको सरकारको पालामा उमेर पुगेका धेरैजसो अन्तरजातीय प्रेमजोडीहरू पुरस्कृत भए भने धेरैले समस्या समेत झेल्नु पऱ्यो । कानूनी मापदण्ड पूरा गरेर सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा विवाह गर्ने र पुरस्कार लिनेबेला धेरै अन्तरजातीय जोडीहरू प्रशासनिक झमेलाको शिकार भएका घटनाको समाचारले त्यो वेला निक्कै चर्चा पाए ।

अन्तरजातीय विवाह गर्दा सार्वजनिक मुद्धा, काजक्रियामा अवरोध, विस्थापन, गाउँ निकाला, परिवारबाटै हत्या यस्तै यस्तै समाचारका शीर्षक पनि बन्ने गरेका छन् । सरल भाषामा भन्ने हो भने अझै पनि समाजमा अन्तरजातीय विवाहलाई सामाजिक विकृति विसङ्गतिकै रूपमा लिने र सोही अनुसार विभेद गर्ने चलन छ र बढ्दै पनि गएको छ । हालै रुकुमका नवराज विकसहितको हत्या घटनाले त्यो पुष्टी गरेकै छ ।

हुनतः नेपाललाई सरकारले राजपत्रमा प्रकाशित गरी जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ जेठ १८ गते जारी गरेको थियो । त्यसैगरी जनआन्दोलन पश्चात पुनः स्थापित संसदले २०६३ जेठ २१ गतेलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन लागू भएको यतिका वर्ष तथा नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गरेको झण्डै एकदशक बढी भइसक्दासम्म व्यवहारिक रुपमा कार्यान्वयन नभएकै कारण यस्ता समस्या तपाई हाम्रो गाउँ शहरमा देखिने गरेका हुन्भन्दा अत्युक्ति नहोला ।

पछिल्ला केही घटना हेर्ने हो भने धेरै दलित समुदायले दलित भएकै कारण ज्यान गुमाउनु परेको छ । कोही अन्तरजातीय प्रेमविवाह गरेको कारण त कोही पानी छोएका कारण, कोहि धार्मिक मठ मन्दिरमा पुजा गर्न गएकै कारण यस्तो घटना हुने गरेका छन् । कथित आफूभन्दा तल्लो जातका केटासँग विवाह गरेको आरोपमा बाबुआमाबाटै अन्तरजातीय विवाह गर्ने छोरीहरू तिरस्कृत हुने घटना पनि प्रशस्तै छन् । कथित उपल्लो जात भन्नेहरुका छोराले दलित समुदायका छोरीसँग विवाह गर्दासम्म केटा परिवारले उनलाई बुहारीका रुपमा स्वीकार गर्ने अवस्था छैन् ।

१० जेठमा रुकुम (पशिचम)को चौरजहारी नगरपालिका-८ सोती गाउँमा एउटा जघन्य अपराधको घटना भयो । जाजरकोट भेरी नगरपालिका-४ रानागाउँका नवराज विक र चौरजहारी नगरपालिका-८ सोती गाउँकी सुष्मा मल्लबीच केही वर्ष पहिलेदेखि प्रेमसम्बन्ध थियो । उनीहरु एकले अर्कालाई कति मन पराउँथे भन्ने त पछिल्लो समय नवराज र सुष्माको फेसवुक म्यासेञ्जरवाटै प्रष्ट हुन्छ । उनीहरुबीच म्यासेञ्जरमा भएको कुराकानी अहिले निक्कै भाइरल बनेको छ । 'नवु काले मलाई लिन आउ मेरो पेटमा तिम्रो बच्चा हुर्किरहेको छ' जवाफमा नवराजले लेखेका थिए- 'हुन्छ तर तिम्रो गाउँका मान्छे हाम्रो प्रेमलाई स्वीकार गर्दैनन्, तिमीलाई थाहा छ पहिला पनि मलाई कुटेका छन् ।' त्यसमा सुष्माले त्यसका लागि सरी सम्म भनेकी छन् । 'के गर्ने हाम्रो समाज नै यस्तै रहेछ । त्यसको लागि सरी है । बरु हामी भागेर जाउ कतै । कोही नभएको ठाउँमा । '

सुष्माको 'रिप्लाई'

यदिमात्र होइन नवराजले पनि धेरै माया गर्दथे सुष्मालाई भन्थे- 'यदि तिमीले मलाई पाएनौ भने के गर्छौं ।' सुष्माको सरल र सटिक जवाफ थियो- 'मैले हजुरलाई नपाउने कुरै भएन, यदि हजुरलाई मैले पाइन भने म पनि त यस धर्तीमा रहन्न हजुर वाहेक म कसरी बाच्न सक्छु र ।' उनीहरुबीच भएको कुराकानी कति मार्मिक छ । उनीहरु जिन्दगीभरिसँगै मर्ने बाँच्ने कसमका साथ गफिरहेका थिए । यदि हुँदाहुँदै पनि नवराजमा धेरै डर त्रास र भय छ भन्ने उनले लेखेको कुराले प्रष्ट थाह हुन्छ । 'सुष्मा मलाई त कता-कता डर लागिरहन्छ । तिम्रो बुबा र ममी साथै परिवारले मलाई स्वीकार्दैनन् । मनमा पीर परिरहेको हुन्छ नानु सुष्मा ।' नवराजले लेखेका छन् । नवराजका लागि सुष्माले पनि सवैलाई छाड्ने समेत विश्वास दिलाएकी छन् । उनले फेसबुक म्यासेञ्जरमा लेखेकी छन्- 'यदि मेरो बुबा ममी साथै परिवारले हामीलाई स्वीकार नगरे हामी कसैले नदेख्ने ठाउँमा टाढा भागेर जानुपर्छ । फेरि हजुरले किन यस्तो कुरा गर्नुभएको । हजुरको लागि त म छदैछु नि टेन्सन नलिनु, मेरो मुटुको धड्कन प्यारो नवराज ।' यस्तै थुप्रै कुरा दुईजनाबीच भएको छ । यसले पनि के अन्दाज गर्न सकिन्छ भने उनीहरू विवाहबन्धनमा बाँधिन चाहन्थे । प्रेमजीवनमा उनीहरू एक-अर्काको साथमा सँगै जीवन शुरुवात गर्न चाहन्थे । तर उनीहरुको यो प्रेम सम्बन्ध हाम्रो यो समाजले स्वीकार गरेन । कारण थियो बर्षौदेखिको समस्याको मुख्यः जड समाजमा कलंकको रुपमा रहेको जातीय भेदभाव र छुवाछूत वा जातीय विभेद ।

आफ्ना १९ जना साथीसहित सोती गाउँमा रहेकी आफ्नी प्रेमिका लिन पुग्दा नवराजसहित उनका साथीहरू टीकाराम सुनार, गणेश बुढामगर, सन्दिप विक, गोविन्द शाही लोकेन्द्र सुनारको हत्या भयो । सुन्दा पनि कहालीलाग्दो, बर्बर अमानवीय घटना हो, यो । शायद नवराज कथित दलित भएकै कारण केटी पक्षका परिवार, आफन्त र गाउँले मिलेर नवराज र उनकी प्रेमिकालाई एक हुन नदिएका होलान् । तर, त्यहाँ एउटा बुढागरको छोरो मरेको छ, शाहीको छोरो मारिएको छ । दलित भएकै कारण नवराजले आफ्नी प्रेमिका त पाएनन् नै, कलिलो उमरमै ज्यान गुमाउनुपऱ्यो । न सुष्माले आफ्नो स्वेच्छाले आफूले चाहेको केटासँग विवाह गर्न पाइन् । यो घटनाले उनीहरूको सपना अधुरै रह्यो । जातीय विभेद्का कारण दलित समुदायमाथि हुने गरेको यो घटना न पहिलो हो नत अन्त्य नै ।

यतिवेला यो घटनाले देश तातेको छ । सडक र सदन तातेको छ । सामाजिक सञ्जाल र सञ्चारमाध्यम तातेको छ । मानवअधिकारकर्मी तातेका छन् । २१औँ शताब्दीमा पनि यस्तो जघन्य अपराध ? दोषीलाई हदैसम्मको कारबाही गरिनुपर्ने माग उठेको छ । हुनतः विभेदको रूप चरम अवस्थामा हिजोदेखि नै छ र हाम्रो समाजमा जातीय विभेदको चरम रूप अझै छ । यो घटनाले २१औँ शताब्दिको मानव सभ्यतालाई नै चुनौति दिएको छ । यो घटनाले दलित र गैरदलित सवैमा दलन गरेको छ । अहिले आम उत्पीडित दलित समुदाय यसप्रकारको दलनको अन्त्यगर्न चाहन्छ । अधिकारकर्मीहरुरुका अनुसार दलितमाथि देशका विभिन्न भागमा विभिन्न नाममा सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक विभेद कायमै छन् । अनि यो देशका करीव १३ प्रतिशत उत्पीडित दलित समुदाय यसको अन्त्य गर्न माग गरिरहेका छन् । दलित समुदायका अगुवाहरु भन्छन् 'छुवाछूतबिरुद्धको कानुन कार्यान्वयन कमजोर ।' कथित उपल्लो जातकी केटीसँग प्रेम गरेकै कारण काभ्रेका अजित मिजारको हत्या भएको घटना थियो । उनको शव चार वर्षदेखि अस्पतालमा छ ।

झापामै दुई वर्ष अघि अन्तरजातीय एकजोडीले रुखको एउटै हागोमा झुण्डिएर आत्माहत्या गरेका थिए । अन्तरजातीय विवाह र प्रेम सम्बन्धकै कारण पछिल्ला केही वर्षयता मात्रै दर्जनौं घटना भएका छन् ।

अन्तरजातीय विवाह गरेको लामो समय भइसक्दा समेत अभिभावकहरूले उनीहरूलाई तिरस्कृत गर्ने गरेका छन् । दलितसँग विवाह गरेकै कारण अहिलेसम्म नागरिकता बनाउन पाएका छैनन् । कैयौं जोडी अभिभावकबाटै अस्वीकृत भई पीडित बनेका छन । दलित परिवारलाई गैरदलित समुदायले सार्वजनिक किरियाघरमा समेत विभेद गरेका घटना सार्वजनिक भएका छन् । त्यस्तो घटनामा संलग्नलाई कारबाही गर्नुको साटो राजनीतिक संरक्षण समेत प्राप्त हुने गरेका घटना हाम्रो समजमा थुप्रै छन् ।

दलित अधिकारकर्मी अरुण नेपालीको भनाई सापट लिदाँ 'ठाउँ-ठाउँमा मानिसको मृत्युपछि गरिने दाहसंस्कारमा समेत चरम विभेद छ, खोलावारि दलितको घाट छ, खोलापारि अरू जातिको । अब अहिलेको अवस्थामा पनि सार्वजनिक खोलामा गरिने दाहसंस्कारमा समेत दलित समुदायलाई भेदभाव गरिन्छ ।' उनले भनेका छन्- '२१औँ शताब्दीको मानव सभ्यतालाई नै उपहास गर्ने, राज्यको कानूनलाई ठाडै चुनौति दिने, दलित समुदायलाई उत्तेजित बनाई पटक-पटक भइरहेको साम्प्रदायिक हिंसा भड्काउने घटना निन्दनीय छन् । यो मानवीय व्यवहार होइन र हुन सक्दैन । दलितमाथि नेपालका विभिन्न ठाउँमा, विभिन्न नाममा सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक विभेद कायमै छन् । जुन एक सामाजिक अन्याय र अपराध हो ।'

हाम्रो देशको संविधान र विभिन्न ऐनकानुनले जातका आधारमा विभेद गरे कसुर अनुसार सजायको व्यवस्था गरेको छ । कतिपय ठाउँमा यस्ता घटनाका दोषीमाथि कारबाही पनि भइरहेको छ । तैपनि, किन यस्ता घटना बारम्बार बढ्दै गइरहेका छन् त ? यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ । हाम्रो कानून, घोषणापत्र तथा प्रतिबद्धता कति प्रभावकारी छन्, कति कार्यान्वयनमा आएका छन् ? यसको कार्यान्वयन हुन सक्दा मात्रै पनि नवराज विकहरुले जातकै कारण मृत्युवरण गर्नु पर्ने थिएन कि ! तर, कसले गर्ने कार्यान्वयन सरकारले या तपाई हामी उच्च जातिले ?

# अर्थमन्त्रीज्यू ! कर तिर्न सरसापटी गर्न कहाँ जाऊँ ?



डिल्ली हुमागाई

*माननीय अर्थमन्त्री*
*युवराज खतिवडाज्यू !*

बिगत ७५ दिनदेखि नै नेपाल पूर्ण रुपमा लकडाउनको अवस्थामा रहेको तपाईं मात्र होइन सम्पूर्ण नेपाल सरकार अनभिज्ञ नहुनुपर्ने हो । कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण आज नेपाल मात्र हैन विश्व नै आक्रान्त बनेको छ । यसको निकासको लागि संसारका बादशाह मानिने मुलुकहरु समेत लागि नपरेको पनि होइन तर पनि अहिलेसम्म कुनै ठोस् निकास दिन सक्षम भइसकेका छैनन् । नेपाल जस्तो गरिबीको रेखामुनि रहेको र बिकासोन्मुख देशको लागि त यो झन कति ठूलो चुनौतिको विषय होला तपाई आफै अनुमान गर्न सक्नु हुनेछ । यसकै कारण हाम्रो देश नेपाल पनि प्रभावित भएको छ । लगभग अढाई महिनाभन्दा बढी लकडाउन भइसक्दा समेत यसको रोकथाम र भबिष्यमा आउन सक्ने जोखिमको लागि हुनुपर्ने जति तयारी नहुनु भनेको दुखद् मात्र नभएर घातक पनि हो भन्ने धेरैको विश्लेषण रहेको छ ।

एकातिर भाइरसको बिकराल समस्या छ भने अर्को तिर भोकमरीको समस्या धेरै परिवारलाई गाह्रो बनी सकेको अबस्था छ । आज मानिसहरु कोरोना भाइरसको भन्दा आफ्ना बालबच्चा र परिवारको भोक कसरी मेटाउने अनि दैनिकी कसरी चलाउने समस्याले चिन्तित बन्न थालिसकेका छन् । नेपाल जस्तो निम्न वर्गीय परिवारको बाहुल्यता रहेको देशले न त जनताको समस्यालाई समाधान गर्न सक्ने स्थिति छ न त बिगत अढाई महिनाबाट चल्दै आएको लकडाउन नै घटाउन सक्ने अवस्थामा छ ।

नेपालमा दिन दुई गुणा र रात चार गुणामा कोराना भाइरसको संक्रमण बढिरहेको छ । प्रथम त खुल्ला सिमानाको असर अनि छिमेकी मुलुकमा कामको सिलसिला गएकाहरु अबैधानिक रुपमा हुने फिर्तीको कारण नेपालमा कोरोनाको जोखिम दिनानुदिन बढिरहेको छ । सरकारले पनि यो बारे सोच्न जरुरत छैन र अर्थमन्त्रीज्यू ?

बिदेशमा रहेका ऊर्जाशील लगभग ५० लाख युवाको अवस्था जटिल बनिरहेको छ । धेरैको रोजगारी गुमिसकेको छ भने अझै धेरैको रोजीरोटी गुम्ने निश्चित प्रायः छ । अब ती युवा नेपाल फर्किँदै गर्दा नेपालले दुरगामी र




प्रभावकारी रोजगारीको नीति र योजना ल्याउन अत्यन्तै जरुरी भएको छ । आम युवाहरुको भविष्यलाई केन्द्रमा राखेर नीति निर्माण नगर्ने हो भने देश आफै संकटको भुमरीमा फस्ने निश्चित छ । सम्पूर्ण जनताको अभिभावक भएको हैसियतले सरकारले अहिलेदेखि नै उनीहरुको जनजीविकाका बारेमा सोच्न नथाल्ने हो भनेपछि धेरै बिलम्व हुनेमा कुनै शंका छैन तर देशको अर्थमन्त्रीलाई जनताको दैनिक आवश्यकता परिपूर्ति भन्दा कर असुली गर्नुको चटारो किन भइरहेको छ ?

सरकारलाई कर तिर्नुपर्छ भन्ने ज्ञान सबै नागरिकलाई छ तर यस्तो अबस्थामा सरकारले कर तिर्ने समयको लागि नेपाली जनतासँग चोर पुलिसको खेल खेल्नु भनेको कि त मन्त्रीज्यूको किताबी ज्ञान मात्र हुनु हो कि त नेपाली जनताको ढाड सेक्न खोज्नु हो भन्ने मन्त्रीज्यूलाई ज्ञान त हुनुपर्ने हैन र ? हामी नेपाली जनता बहुत अन्योल मा परि रहेका छौ ।

राजश्व विभागले जेठ २५ गतेसम्म कर बुझाउने अन्तिम मिति तोकेपछि तपाईले सरसापटी गरेर जसरी पनि कर बुझाउन आग्रह गर्नुभयो । त्यसको जनस्तरबाट धेरै बिरोध भयो । जनस्तरको बिरोधबाट तपाईलाई केही फरक पर्दैन भन्ने कुरा हामीले बुझिसकेका छौं तर व्यापारी र उद्योगीहरुले संगठित रुपमा नै बिरोध गर्न थालेसी बल्ल कर बुझाउने भाखा सार्नुभयो । तपाईको लागि आमजनताको भावना खासै अर्थ राख्दैन भन्ने कुरा यहीबाट बुझ्न गाह्रो पर्दैन ।

माननीयज्यू काठमाडौ मात्र नेपाल होइन सुदुरपूर्वबाट सुदुर पश्चिमसम्म नेपाल कै भूभाग हो भन्ने बिर्सिनु भएको त छैन नि ? यो अवस्थामा कर उठाउने ढोङ्ग रचेर जनतालाई त्रास फैलाउनुको कुनै औचित्य होला ? झापाको गौरादहमा जन्मनु भएको भए पनि नेपालको गाउँ ठाउँ र त्यहा'का कठिनाइ र अप्ठ्याराहरु यति चाँडै बिर्सिनु भयो होला भन्ने त लाग्दैन । जनतालाई महिनौदेखि घरभित्र थुनेर यो लकडाउनको समयमा जनताले कुन चाही आयश्रोतबाट कर चुक्ता गर्लान कहिल्यै सोच्नु भयो ? एकातिर कोरोनाको डर अर्कोतिर भोकमरिको डर अब हुदाहुदा कर चुक्ता गर्नुपर्ने राज्य आतंक अनि नेपाल सरकार भनेको जनतालाई त्रासको खेती गर्ने हो कि जनता अभिभावकत्व निभाउने हो मन्त्रीज्यू ?

यतिबेला देशको पूरा अर्थतन्त्र डामाडोल छ । लामो समयसम्मको लकडाउनले देशलाई कहाँ पुऱ्याएको छ भन्ने हेक्कासम्म नराखी आम नागरिकलाई त्रसित बनाउने हिसावले व्यवहार गर्नुले तपाईले मानवताको शिक्षा फेरी सुरुबाटै सिक्नु पर्ने आवश्यकता भएको त हैन ? कि त जनताको मतबाट नभई कसैको आशिर्बाद मन्त्री पद सुम्पिनु नै गल्ती थियो होला ? व्यापार व्यवसाय ठप्प छ, यातायात बन्द छ, रेमिट्यान्स आएको छैन, आम्दानी हुने बाटो छैन राज्यले विशेष सहुलियतको व्यवस्थामा गर्नुको साटो उल्टै सरसापटी गरेर ऋण खोजेर कर तिर भन्नु हुन्छ । म कोसँग सरसापटी गर्न जाऔं ? कहाँ ऋण खोज्न जाउँ मन्त्रीज्यू ? तपाई नै देखाईदिनुस् न !



**दमकवासीको काम, फोहोर हालेर बनाए पैनी जामः** दमक नगरपालिकास्थित हिमालय गुडरिक चिया बगान महेन्द्र राजमार्गमा रहेको पैनी (कल्भर्ट)मा थुपारिएको फोहोर । यस ठाउँमा सिसा, प्लाष्टिक लगायत फोहोर थुपारिँदा कल्भर्ट बुझो लागेको छ । बर्षा शुरु हुँदैछ यस फोहोरलाई नहटाइए सडक उत्तरको भूभाग डुवानहुनुको साथै पानी सडकसम्म आउने देखिन्छ । यस कामको लागि स्थानिय नागरिक पनि सचेत हुने कि ! **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

# बजारमा लेवल नभएको दूध !

**झापा, जेठ २४।** झापाको मेचीनगरबाट सञ्चालित रितिका डेरी उद्योगबाट उत्पादित पञ्चामृत दूधमा कैफियत देखिएको छ । झापा लगायत मोरङ र सुनसरी जिल्लाका उपभोक्तामा लोकप्रिय बनेको दूधमा कैफियत देखिएको उपभोक्ताले बताएका छन् ।

उपभोक्ताको गुनासो आएपछि जिल्लाको शिवसताक्षी नगरमा बिहीबार गरिएको अनुगमनमा उक्त उद्योगबाट उत्पादित पञ्चामृत नामको दूधमा समस्यै समस्या देखिएको हो ।

उद्योगबाट उत्पादित दूधमा न्यूनतम् मापदण्ड समेत नपुऱ्याइ बिक्रीका लागि बजारमा पुगेपछि उपभोक्ताको गुनासो आएको अनुगमन समितिले बताएको छ । शिवसताक्षी नगरकी उपप्रमुख भोजकुमारी नेपाल नेतृत्वको टोलीले बिहीबार बजारमा बिक्रीका लागि ल्याइएको उक्त दूधको अनुगमन गरेको थियो । नगरको दूधे, झिलझिले र डुडामारीमा गरिएको आकस्मिक अनुगमनका क्रममा दूधका पोकामा उत्पादन मिति र उपभोग गर्ने अन्तिम मिति उल्लेख छैन । जसका कारण उपभोक्ता गुणस्तरहीन दूधको उपभोग गर्दै आएको स्पष्ट बुझ्न सकिने स्वयं उपभोक्ताले बताएका छन् ।

दूधेको खुसी डेरी तथा किराना पसल, नानु डेरी र डुडामारीको कोपिला डेरी तथा किराना पसलमा अनुगमन गर्दा दूधको आधा लिटरको पोकामा उत्पादन मिति र उपभोग गर्ने मितिको लेवल नभेटिएको अनुगमन टोलीकी प्रमुख शिवसताक्षी नगरकी उपप्रमुख भोजकुमारी नेपालले बताएकी छन् । उनका अनुसार रितिका डेरीले आम उपभोक्तालाई झुक्याएर बजारमा बिना लेवलको दूध बिक्री गरेको हो । 'खाद्य बस्तुमा उत्पादन र उपभोग गर्ने मिति अनिवार्य हुनु पर्छ ।' उनले भनिन्- 'बिना लेवलका खाद्यबस्तु उपभोक्ताको हितमा हुँदैन, यसले ज्यानै जान सक्छ ।'

शुद्ध र ताजाका नाममा दूध उत्पादन गर्ने उद्योगले स्पष्ट लेवल नै उल्लेख नभएको पाइएको अनुगमन टोलीमा रहेका इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुरले बताए । दूध जस्तो बस्तुमा प्याकेटमै स्पष्ट उल्लेख गरेको हुनुपर्ने उत्पादन र उपभोग मिति नै नभएको पाइएपछि टोलीले बिक्रीका लागि डेरी पसलमा राखेको दूध जफत गरेर नष्ट गरेको थियो । अनुगमन टोलीले ९० पोका दूध जफत गरेको थियो ।

उद्योगले दूध उत्पादन गर्दा अपनाउनुपर्ने न्यूनतम् मापदण्ड पूरा नगरेको निष्कर्ष अनुगमन टोलीको छ । 'उक्त उद्योगले दूध उत्पादन गर्दा अपनाउनुपर्ने जीएमपी, दूध उत्पादनका प्रक्रियामा अपनाउनुपर्ने उचित तापक्रम, सरसफाई लगायतका कुनै पनि मापदण्ड पालना नगरेको हुन सक्ने अनुगमन टोलीले अनुमान छ । उपभोक्ताको स्वास्थ्यमा खेलवाड गर्नेलाई कारवाही हुन्छ ।' अनुगमन समितिका एक सदस्यले बताए ।

'लाखौं उपभोक्ताले उपभोग गर्ने दूधजस्तो संवेदनशील तरल पदार्थको उत्पादनमा उद्योगहरूले न्यूनतम् मापदण्ड पूरा नगरेको देखियो'- अनुगमनपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै शिवसताक्षी नगरकी उपप्रमुख नेपालले भनिन्- 'यो हविगत हेर्दा त दूग्ध उद्योग पूरै शिल गर्नुपर्ने देखिन्छ ।' दूध उत्पादन गर्ने उद्योगहरूले गरेको हेलचेक्र्याइँ र बदमासीका बारेमा शिवसताक्षी नगरमा नियमित अनुगमन गर्ने उनले बताइन् । उद्योग सञ्चालकलाई कारबाही गर्ने उनले बताएकी छन् । बिना लेवलका दूध बिक्री वितरण नगर्न विक्रेतालाई उपप्रमुख नेपालले अनुरोध गरेकी छन् ।

अनुगमन टोलीमा उपप्रमुख नेपाल सहित ११ नम्बर वडाका अध्यक्ष भैरवकुमार श्रेष्ठ, ८ नम्बर वडाका केहरशिंह बस्नेत, जिल्ला समन्वय समिति झापाकी सदस्य जुनु मोहरा, इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुर, पशु स्वास्थ्य सेवाका छैटौ तहका अधिकृत रामअवतार यादव लगायतको सहभागिता थियो ।

यता रितिका डेरी उद्योगका प्रवन्धक राजन चिमरीयाले १० दिनदेखि दूधको पोकामा उत्पादन मिति र उपभोग गर्ने मिति उल्लेख हुन नसकेको स्वीकार गरेका छन् । उनले चिसोका कारण प्रिन्ट मेटिएको भनेर शुरुमा झुट बोलेका थिए । तर, बिहीबार उत्पादन भएका करिव ३ हजार २ सय लिटर दूधमा उत्पादन मिति र उपभोग गर्ने अन्तिम मिति नै उल्लेख नभएको बिषयमा भने उनले लकडाउनका कारण बजारमा प्रिन्ट गर्ने मसि नपाएर त्यतिकै बजारमा विक्रिका लागि पठाइएको बताए । उनले भने- 'आज सम्म कसैले कम्प्लेन गरेका थिएनन् । त्यसैका आधारमा बजारमा दुध पठाइएको हो ।' उनले भुलबस गल्ती नभएर जानाजान गल्ती भएको स्पष्ट पारेका छन् । रितिकाले झापाको काँकरभिट्टादेखि इटहरी र भित्री बजार सम्म दूध बिक्री गर्ने गरेको छ ।

# मेचीनगर कोरोनामुक्त

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, जेठ २४।** भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज नाकासँग सिधा सम्पर्क रहेको नेपाल प्रवेशको पूर्वीद्वार काँकरभिट्टामा शुरुदेखि नै स्थानीय सरकारको उच्च सतर्कताका कारण अहिलेसम्म मेचीनगर क्षेत्रमा नोवल कोरोना भाइरसको संक्रमण फेला नपरेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

भारत तथा अन्य मुलुकमा अध्ययन तथा रोजगारीका लागि गएका नेपालीहरु अहिले धमाधम काँकरभिट्टा नाका भएर स्वदेश फर्किन थालेका छन् । मेचीनगर नगरपालिकाले आफ्नो श्रोतसाधन र जनशक्तिले भ्याएसम्म शुरुदेखि नै उनीहरुको स्वास्थ्य परीक्षण गर्ने गरेको छ ।

शाखा संयोजक शशिकला राईका अनुसार नगरपालिकाले स्थापना गरेको सामुदायिक क्वारेन्टिन, होम क्वारेन्टिन तथा पछिल्लो समय वडामा स्थापना गरिएका वडास्तरीय क्वारेण्टिनमा रहेका ९ सय २४ जनाको नोवल कोरोना भाइरस कोभिड १९ को परीक्षण गरिसकिएको छ ।

पोलिमिरेस चेन रियाक्सन (पीसीआर) विधिबाट परीक्षण गरिएका २ सय ९ जनामध्ये ९९ जनाको परिणाम आउन बाँकी छ भने बाँकीको परिणाम नेगेटिभ आएको स्वास्थ्य अधिकारीहरुले जनाएका छन् । र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट ७ सय १५ जनाको नोवल कोरोना भाइरस कोभिड-१९ को एन्टीबडी परीक्षण गर्दा १५ जनाको पोजेटिभ आए पनि पीसीआर पोलिमिरेस चेन रियाक्सन (पीसीआर) विधिबाट परीक्षण गर्दा सबैको परिणाम नेगेटिभ आएको स्वास्थ्य शाखाले जनाएको छ ।

मेचीनगरको विभिन्न क्वारेण्टिन र होल्डिङ सेन्टरमा राखिएका ३ सय १५ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट परीक्षण गर्दा ६ महिलासहित १५ जनाको आरडीटी टेष्ट पोजेटिभ आएको थियो । र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट पोजेटिभ देखिएपछि सबैको पोलिमिरेस चेन रियाक्सन पीसीआरका लागि नमूना संकलन गरी परीक्षण गर्दा सबैको रिपोट नेगेटिभ आएको हो । काँकरभिट्टा माध्यमिक विद्यालयको होल्डिङ सेन्टरमा रहेका १ सय ४८ जना मध्ये ३ र आदर्श माध्यमिक विद्यालय आयावारी क्वारेण्टिनमा रहेका १ सय ४५ जनामध्ये १२ गरी कुल १५ जनाको एन्डीबडी पोजेटिभ देखिएको थियो ।

यसैगरी मेचीनगर नगरपालिकामा १८ जेठमा ५४ जनाको पोलिमिरेस चेन रियाक्सन (पीसीआर) परीक्षणका लागि स्वाब संकलन गरी परीक्षणका लागि १ नम्बर प्रदेश प्रयोगशाला विराटनगर पठाइएको र सबैको परिणाम नेगेटिभ आएको बताइएको छ ।



मेचीनगरमा अहिलेसम्म यसको संक्रमण फेला नपर्नुमा सम्पूर्ण नगरवासी, नगरभित्रका राजनीतिक दल, विभिन्न संघ-संस्था, उद्योगी व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, अधिकारकर्मीलगायत आम नगरवासीको साथ सहयोग समन्वयकै कारण भएको ठहर नगरपालिकाले गरेको छ । यसका लागि नगरपालिकाले सवैमा आगामी दिनमा समेत यस्तै रचनात्मक र सकारात्मक सहयोगको अपेक्षासहित सवैमा हार्दिक आभार र धन्यवाद ज्ञापन गरेको छ ।

'यो विपद् र महामारीले धनी गरीव जातधर्म अनि चिन्दैंन्'- नगरप्रमुख विमल आचार्यले भने- 'अहिले विश्व नोवल कोरोना भाइरसको महामारीसँग जुधिरहेको छ, यस्तो विपद्मा सवैजना उत्तेजित नभई सचेत हुनुपर्छ । नगरवासीको साथ सहयोग र सचेतका कारण अहिलेसम्म मेचीनगरमा यसको संक्रमण छैन । कामना गरौ नहोस् पनि । यसका लागि म मेचीनगर नगरपालिकाकातर्फबाट आगामी दिनमा समेत रचनात्मक र सकारात्मक सहयोगको अपेक्षासहित सम्पूर्ण नगरवासी, नगरभित्रका राजनीतिक दल, विभिन्न संघ- संस्था, उद्योगी व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, अधिकारकर्मीलगायत सवैमा हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु ।'

नगरपालिकाले नगरमै प्राइमरी आइसोलेसन बनाउने तयारी गरेको छ । नगरमै प्राइमरी आइसोलेसन बनाउन तयारी गर्ने प्रदेश नं. १ मै मेचीनगर पहिलो नगरपालिका भएको उपप्रमुख मीना पोखरेल उप्रेतीको दावी छ ।

नगरपालिकाको वडा नं. ११मा रहेको धाइजन स्वास्थ्यचौकीमा ३० श्‌ययाको आइसोलेसन कक्ष बनाउने तयारी भइरहेको उपप्रमुख पोखरेलको भनाइ छ । मेचीनगरमै आइसोलेसन नबनाए भोलिका दिनमा नगरवासीको स्वास्थ्य सङ्कटमा पर्ने देखेर बेलैमा तयारी गरिएको हो ।

उपप्रमुख उप्रेतीले विश्व महामारीका रूपमा फैलिएको यो कोरोना महामारीसँग जुध्न नगरवासीसहित सबैसँग सहकार्यका लागि नगरपालिकाले हात बढाएको बताइन् । आवश्यक स्वास्थ्य सुरक्षणका सामग्री र नगरकै स्वाथ्यकर्मीको टोलीको प्रबन्ध मिलाइरहेको बताउँदै नगरवासीले भोको बस्नुपर्ने र उपचार नपाउने अवस्था सिर्जना हुन नदिन स्थानीय सरकार सक्रियपूर्वक अघि बढेको उनको भनाइ छ ।

यस्तो विपद्मा सवैजना आफ्नो घर परीवार आफन्त सँग-सँगै बस्न रमाउन सुख-दुःख बाँड्न चाहाने भएकाले विदेशमा श्रम गर्न गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरु यही विपद्का समयमा घर फर्किरहेका कतिजना घर फर्किने क्रममा रहेको बताउँदै उपप्रमुख उप्रेतीले कोरोना ल्याउँछ, सार्छ भनेर विदेशबाट आएका व्यक्तिलाई गाउँघरमा पस्न नदिने, दुर्व्यव्हार गरेर संक्रमण नरोकिने यसले सामाजिक एकता सद्भाव खलबलिने भएकाले विदेशबाट फर्किएका व्यक्तिलाई भेद्भाव नगरी सम्मानित ढंगले क्वारेण्टिन एकान्तवासमा बस्न प्रेरित गर्नुपर्ने बताइन् ।

**झापामा संक्रमितको संख्या १ सय ३६ पुग्यो**

झापामा नोवल कोरोना भाइरसको संक्रमितको संख्या १ सय ३६ जना पुगेको छ । जिल्लास्थित स्वास्थ्य अधिकारीहरुका अनुसार झापामा शुक्रबार थपिएका १२सहित झापामा कोरोना भाइरस संक्रमितको संख्या १ सय ३६ जना पुगेको हो । १ नम्बर प्रदेशमा कोभिड १९ को संक्रमण पुष्टि भएका ३९ जना संक्रमितमध्ये झापाको कचनकवल गाउँपालिकाका १० जना, गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिकाका १/१ जना गरी १२ जना रहेको १ नम्बर प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । यो सँगै झापामा नोवल कोरोना भाइरस कोभिड १९को संक्रमितको संख्या १ सय ३६ पुगेको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले बताए ।

शुक्रबार थपिएका १२सहित अब कचनकवल गाउँपालिकामा संक्रमतिको संख्या १ सय १२ पुगेको छ । उता भद्रपुर नगरपालिकाका ४, दमक नगरपालिकाका १, गौरादह नगरपालिकाका ३, बुद्वशान्ति गाउँपालिकाका ५, कमल गाउँपालिकाका १, गौरीगञ्ज गाउँपालिकका ५, बाह्रदशी गाउँपालिकाका ४ र झापा गाउँपालिकाका १ जना कोरोना संक्रमित रहेका छन् ।

# करेन्ट लागेर सहचालकको मृत्यु

**भद्रपुर, जेठ २४।** झापाको दमक नगरपालिका-२ स्थित हुम्सेदुम्से सामुदायिक वनभित्रको रिसोर्टमा काम गर्ने क्रममा एक जनाको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा सल्यान जिल्ला कालिमाटी गाउँपालिका-४बस्ने २६ वर्षीय चित्रबहादुर ओली रहेका छन् । रिसोर्टभित्र काम गर्ने क्रममा बा१क ८०९६ नंको जेसिबीले बिजुलीको तार छोइ करेन्ट लाग्दा उनी घाइते भएका थिए ।

घाइते ओलीलाई उपचारका लागि आम्दा अस्पताल दमक लैजाँदै गर्दा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । उनी जेसिबीका सहचालक भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक साकारराज पन्तले जानकारी दिए ।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan

MD फिजिसियन (PGI, Chandigarh) India

DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

**महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)**

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)



## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०

९८४२६५५७००, ९८०४९३८१००,

९८०७९३०७४०, ९८१७९२९३९४

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१

इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७

९८०६०८३८७६, ९८६२६४८२८२

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५


### हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |


## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,

बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ । शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** महत्त्वाकांक्षी योजना थालनी हुनेछ । आजको मिहिनेतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य कमजोर रहनाले काममा पनि बाधा हुन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अर्थ अभावले पनि मन पिरोलिन सक्छ । मिहिनेतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ । शुभचिन्तकहरूले केही आशा जगाउनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन् र आंशिक सफलता मिल्नेछ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । तापनि दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लगनशीलताले नयाँनयाँ काम गर्ने अवसरसमेत दिलाउनेछ । साथीभाइको सहयोगले हौसला जाग्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा पनि काम सम्पादन हुनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्ता प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन् ।